बैठक संख्या ४६

मिति २०७६।१२।०५

आज मिति २०७६।१२।०५ गतेका दिन दिउसो २.०० वजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक वस्यो ।

उपस्थिति

| नाम थर | पद |
| --- | --- |
| १. श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २. श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३. श्री रमेश सुवेदी | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री भीम बहादुर गुरुङ | १ नं वडाध्यक्ष |
| ५. श्री पोल बहादु आले | २ नं वडाध्यक्ष |
| ६. श्री कृतिमान आले | ३ नं वडाध्यक्ष |
| ७ श्री पदम बहादुर गुरुङ | ४ नं वडाध्यक्ष |
| ८. श्री याल बहादुर गुरु | ५नं वडाध्यक्ष |
| ९. श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०. श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११. श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२. श्री भोगीमाया राना | गा.का.पा. सदस्य |
| १३. श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४. श्री यम माया गुरु | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

१. श्री उमानाथ ढकाल (लेखा अधिकृत)

२. श्री गोविन्द प्रसाद पौडेल

देवघाट गाउँ कार्यपालिका

बैठक संख्या ४६

मिति: २०७६।१२।५

गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

प्रस्तावहरु

१) समीक्षा, ................

२) प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा

३) नदी घाट आय ठेक्का सम्झौता (कबुलियत) को रद्द र कारवाही सम्बन्धमा

४) नदीघाट आय ठेक्का सूचना प्रकाशन गर्दा वोलपत्र नपरेको नदी घाटमा उत्खनन् सम्बन्धमा

५) जलश्रोत तथा सिँचाई योजना छनौट सम्बन्धमा

६) बालमैत्री कार्यक्रम स्विकृत सम्बन्धमा

७) राहत मापदण्ड, २०७६ स्विकृत सम्बन्धमा

८) बहु वर्षीय ठेक्का बन्दोवस्त सम्बन्धि निर्देशिका, २०७६ स्विकृत सम्बन्धमा

९) गाउँ कार्यपालिकाको भवन निर्माण सम्बन्धमा

१०) सेती नदी पुल निर्माण प्रक्रिया अगाडी वढाउने सम्बन्धमा

११) जनता आवास कार्यक्रममा लाभग्राही सिफारिस सम्बन्धमा

१२) मालपोत कार्यालयलाई सहयोग सम्बन्धमा

१३) मेलमिलापकर्ताको सुविधा सम्बन्धमा

१४) बालमैत्री स्थानीय शासन निर्देशिका सम्बन्धमा

१५ गजअरो कन्स्ट्रक्सनलाई ईजाजत दिने सम्बन्धमा

१६) कृषि विकास वैंक स्थापना सिफरिस सम्बन्धमा

१७) गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला निर्माणमा सहयोग सम्बन्धमा

१८) कार्यालय सहयोगी नरवहादुरको स्तरवृद्धि सम्बन्धमा

१९) कोरोना भाईरस रोकथाम समिति गठन र रोकथाम कार्यक्रम सम्बन्धमा

२०) योजनना अनुगमन तथा सुपरीवेक्षणसमितिमा सदस्य थप घट सम्बन्धमा

२१) जन प्रतिनिधि सुविधा सम्बन्धि कार्यविधि संशोधन सम्बन्धमा

२२) OJT पारिश्रमिक तथा सुविधा

२३) सैद्धान्तिक वेरुजु सम्परीक्षण सम्बन्धमा

२४) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सिफारिस

रमेश सवेदी

२५) देवघाट ५, साउनेमा वालविकास केन्द्र संचालन सम्बन्धमा

२६) विद्युत पोलमा माटोको गोटी खरिद सम्बन्धमा

निर्णयहरु

१) जनतासँग सिधा सम्पर्क वितरण प्रगति, गाउँ प्रोफाईल, योजना कार्यान्वयन प्रगति, अर्ध वार्षिक बुलेटिन प्रकाशन लगायतका विषयमा समीक्षा एवं छलफल गरियो ।

२) (क) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन तथा व्यवस्थापन कायबिधि, २०७६ अनुसार छनौट गरिएका आयोजनाहरुमध्ये श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्राथमिकिकरण अनुसार तपशिल बमोजिमका योजनाहरुमा तपशिल बमोजिमको बजेट विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

कोलीटार सिंचाई कुलो मर्मत वडा नं. १ – रु.२०००००। (दुई लाख)

टौटार कुलो मर्मत वडा नं. २– रु.२०००००। (दुई लाख)

ठाडो खोला गोन्द्राङ पहिरो नियन्त्रण तथा ग्याबिन जालि निर्माण वडा नं. ३ – रु.२०००००। (दुई लाख)

ऐतिहासिक सिन्च्यांङ्ग गढी कालिका मन्दिर जाने पदमार्ग निर्माण वडा नं. ४–रु. २०००००। (दुई लाख)

मर्सेन खोला कल्वर्ट निर्माण वडा नं. ५ –२०००००। (दुई लाख)

(ख) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने रोजगार आयोजनाहरुमा वडाको लागत सहभागिता रहेका योजनाहरुको कार्यान्वयन गर्दा आजको मिति भन्दा पहिले नै उपभोक्ता समिति गठन भई बैङ्क खाता समेत सन्चालन भई सकेकाको हकमा वेरोजगार ब्यक्तिहरुलाई काममा लगाउने र ७० प्रतिशत ज्यालामा खर्च गर्ने गरी सोहि उपभोक्ता समितिले कार्य सम्झौता गरी योजना संचालन गर्न सक्ने निर्णय गरियो ।

(ग) आगामी आ.व. २०७७।७८ मा न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार ब्यक्तिहरुले यहि २०७६ चैत्र महिना भित्रमा बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुनका लागि सम्वन्धित वडा कार्यालयहरुमा निवेदन संकलन गर्ने गराउने निर्णय गरियो ।

३) घाटवाट नदी जन्य पदार्थ (ढुंगा, गिटी, वालुवा) उत्खननको ठेक्का सम्बन्धमा देहाय अनुसारको निर्णय गरियो ।

(क) देवघाट ५, कालीगण्डकी नदीको सांढेवगर घाटवाट नदी जन्य पदार्थ (ढुंगा, गिटी, वालुवा) उत्खनन्को ठेक्का लिएको हिरोज कन्सट्रक्सन, भरतपुर १२, चितवनले हाल सम्म पनि सम्झौता नगरेकोले उक्त कन्सट्रक्सनले जम्मा गरेको धरौटी रकम र बुझाएको अन्य रकम समेत जफत गरी गाउँपालिकाको संचित कोषमा आम्दानी बाँधी उक्त कन्सट्रक्सनलाई कालो सूचिमा राख्नको लागि सार्वजनिक खरिद अनुगमनको कार्यालयमा लेखि पठाउने निर्णय गरियो । साथै उक्त घाटवाट गाउँपालिकावाटनै उत्खनन् गरी प्रति घ.मी. रु.१४१।१२ विक्री गर्ने निर्णय गरियो ।

(ख) वाईटीभिजन रियलस्टेट एण्ड कन्सट्रक्सन प्रा.लि., भरतपुर, २ चितवनले देवघाट ४ सेती नदीको माथिल्लो आईलिन घाटवाट नदी जन्य पदार्थ (ढुंगा, गिटी, वालुवा) उत्खनन्को ठेक्का लिएकोमा सेती नदी वढेकोले पुल

दुर्गा बहादुर थापा

रमेश सुवेदी

बनाउन सम्भव नभएको र ह्युम पाईप राख्न पनि नमिल्ने भएकोले नदी जन्य पदार्थ (ढुंगा, गिटी, वालुवा) उत्खनन् गर्न काबु वाहिरको परिस्थितिले गर्दा उक्त कन्सट्रक्सनसंग सम्झौता नगरि ठेक्का रद्द गर्ने निर्णय गरियो ।

४) नदीघाट आय ठेक्का सूचना प्रकाशन गर्दा वोलपत्र नपरेको तथा IEE भएका नदी घाटवाट गाउँपालिकावाटनै उत्खनन् गरी प्रति घ.मी. रु.१४१।१२ विक्री गर्ने निर्णय गरियो ।

५) गाउँपालिकामा तपसिल अनुसारको जलश्रोत तथा सिँचाई लिफ्ङ्ग योजना छनौट गरी आवश्यक रकमको व्यवस्था गरिदिन सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

१. देवघाट, २ खाल्टे मगर टोल लिफ्टिङ्ग सिँचाई योजना

२. देवघाट, ३, साराङ्गघाट लिफ्टिङ्ग सिँचाई योजना

३. देवघाट, ५ साँढेवगर लिफ्टिङ्ग सिँचाई योजना

४. देवघाट, ५ झारखानी लिफ्टिङ्ग सिँचाई योजना

५. देवघाट, १, वालुवाश्वाँरा लिफ्टिङ्ग सिँचाई योजना

५. देवघाट, ४ आमडाँडा लिफ्टिङ्ग सिँचाई योजना

६. देवघाट, ४ आईलिम झारखोला सिँचाई योजना

६) बालमैत्री स्थानीय शासन अवलम्वन तथा कार्यान्वयन योजना, २०७६ स्विकृत गरियो ।

७) राहत मापदण्ड, २०७६ स्विकृत गरियो ।

८) बहु वर्षीय ठेक्का बन्दोवस्त सम्बन्धि निर्देशिका, २०७६ स्विकृत गरियो ।

९) देवघाट गाउँपालिका वडा नं ५ मा रहेको र देवघाट गाउँपालिकाले ( साविक देवघाट गा.वि.स.ले भोगचलन तथा संरक्षण गरि आएको ) भोगचलन तथा संरक्षण गरि आएको करिव २५ रोपनी सार्वजनिक जग्गामा गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्ने यस अघिको निर्णय अनुसारनै उक्त भवनको विस्तृत आयोजना प्रतिवेदन( DPR ) तयार भएको र विस्तृत आयोजना प्रतिवेदन( DPR ) अनुसार कूल लागत रकम रु.१२३३२५०६६.०३ भएकोमा कम्पाउण्ड वाल, गार्ड र क्यान्टिन घरको काम पछि गर्ने गरी हाल रु. ९२६०४६५०। ( नौ करोड छब्विस लाख चार हजार छ सय पचास ) लागत ईष्टिमेट वरावरको बहुवर्षीय ठेक्का लगाउने (वोलपत्र आह्वान गर्ने ) निर्णय गरियो ।

१०) देवघाट वडा नं. ३ डाल्दी, सेती नदीमा पुल निर्माण प्रक्रिया अगाडी वढाईदिनको लागी सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

११) खरको घर विस्थापनको लागि वडा कार्यालयवाट प्राप्त सिफारिस अनुसारको विवरण जनता आवास कार्यक्रममा लाभग्राहीको रुपमा सिफारिस गर्ने निर्णय गरियो ।

१२) मालपोत कार्यालय दमौलीले न्यूनतम मूल्य निधारण पुस्तिका प्रकाशनका लागि रु.१५००००। (एक लाख पचास हजार) सहयोग मागेकोमा उक्त रकम सहयोग स्वरुप मालपोत कार्यालय दमौलीलाई उपलबध गराउने निर्णय गरियो ।

१३) वडास्तरका मेलमिलापकर्ताहरुलाई एक पटकमा वढीमा ३ जनालाई प्रति मिलापत्र प्रति मेलमिलापकर्तालाई रु ५००। ( पाँच सय) यातायात खर्च २०७६ श्रावण महिना देखि लागु हुने गरि भुक्तानी दिने निर्णय गरियो ।

१४) बालमैत्री स्थानीय शासन निर्देशिका, २०७६ स्विकृत गरियो ।

दल बहादुर थापा

रमेश सुवेदी

१५ शजअरो कन्स्ट्रक्सनलाई " घ" वर्गको निर्माण ईजाजत दिने निर्णय गरियो ।

१६) देवघाट गाउँपालिका वडा नं. ५ मा कृषि विकास वैंक स्थापना गरि संचालन गर्नको लागि सम्बन्धित निकायमा सिफरिस दिने निर्णय गरियो ।

१७) गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला निर्माणमा सहयोग स्वरुप रु. ५०००००। (पाँच लाख) वरावर ढुवानी खर्च हुने गरी रातो माटो उपलब्ध गराउने निर्णय गरियो ।

१८) देवघाट गाउँपालिका वडा न. ५ मा कार्यरत कार्यालय सहयोगी नरवहादुरको कार्यालय सहयोगी द्धितीय स्तरमा स्तरवृद्धि गर्ने निर्णय गरियो ।

१९) हाल विश्वव्यापी महामारीको रुपमा देखिएको कोरोना भाईरस रोकथाम तथा सो सम्बन्धि कार्यक्रम संचालन गर्नको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णय अनुसार वडा तथा गाउँपालिका समन्वय समिति गठन गर्ने निर्णय गरियो । साथै समाजसेविहरु मध्येवाट देहाय अनुसारका व्यक्तिहरुलाई समितिमा मनोनित गर्ने निर्णय गरियो ।

१. श्री शिवराज पौडेल

२. रोशन श्रेष्ठ

३. जयकृष्ण सुवेदी

४. सुकु गुरुङ्ग

५) गोविन्द प्रसाद न्यौपाने

२०) यस अधिको गाउँ कार्यपालिकाको वैठकको निर्णय अनुसार गठन भएको समितिमा थप घट गरी देवघाट गाउँपालिकावाट संचालित योजनाको लागत, परिणाम, समय सीमा र गुणस्तरीयतासमेतको आधारमा अनुगमन गर्न र आवश्यक पृष्ठपोषण दिन तथा आइपरेका समस्यामा समाधानको लागि सुझाव दिन र आवश्यक निर्णय गर्नको लागि देहाय अनुसार योजनना अननुगमन तथा सुपरीवेक्षण समिति गठन गरियो ।

| | |
|---|---|
| १) गाउँपालिकाका उपाध्यक्ष श्री विमला थापा | –संयोजक |
| २) प्रमुख प्रशासकीय अधिकृत | –सदस्य |
| ३) वडा नं ४ अध्यक्ष श्री पदम वहादुर गुरुङ्ग | –सदस्य |
| ४) वडा नं १ अध्यक्ष श्री भीम वहादुर गुरुङ्ग | –सदस्य |
| ५) लेखा अधिकृत | –सदस्य |
| ६) प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक कर्मचारी | –सदस्य |
| ७) योजना शाखा प्रमुख | –सदस्य सचिव |

२१) जन प्रतिनिधि सुविधा सम्बन्धि कार्यविधि, २०७५मा संशोधन स्विकृत गरियो ।

२२) कार्य वोझ अनुसार जनशक्तीको कमी भएकोले यस गाउँपालिकामा OJT को लागि खटिएका ३ जना सिभिल सव ईन्जिनियर र १ जना नायव पशु प्राविधिक लाई २०७७ आषढ मसान्त सम्म जिवन निर्वाह पारिश्रमिक स्वरुप प्रति महिना प्रति व्यक्ति रु. १५०००। (पन्ध्र हजार ) भुक्तानी दिई काममा लगाउने निर्णय गरियो ।

दुर्गा वहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

[illegible] महालेखा परीक्षकवाट आ.व. २०७५।७६ को लेखा परीक्षण सम्पन्न भई प्रतिवेदनमा उल्लेख भएका विषयहरु मध्ये वन्चरे [illegible] नयाँ ट्र्याक खोल्ने काममा भिन्न परिस्थितिलेगर्दा उपभोक्तावाट लागत सहभागिता विना पनि काम भएको र गाउँपालिकाको आवश्यकता अनुसार परामर्शका कामहरु भएकोले सम्परीक्षण गरिदिनका लागि महालेखा परीक्षकलाई अनुरोध गर्ने निर्णय गरियो ।

[illegible] राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तपसिल अनुसारका विद्यालयहरुलाई सिफरिस गरी पठाउने निर्णय गरियो ।

१) बज्रयोगिनी मा.वि. देवघाट ५

२) राष्ट्रिय आ.वि. देवघाट ४

३) आदर्श शिक्षा मा.वि. देवघाट ३

४) भृकुटी मा.वि. देवघाट २

५) कालिगंगा मा.वि. देवघाट २

[illegible] देवघाट ५, साउनेमा आगामी शैक्षिक सत्र २०७७ बैशााख महिना देखि  वालविकास केन्द्र संचालन गर्ने निर्णय गरियो ।

[illegible] देवघाट ४, आईलिममा विद्युतीकरणको लागि रु. २५०००। ( पच्चिस हजार ) वरावरको माटोको गोटी र अन्य व्यवस्थामा सहयोग गर्ने निर्णय गरियो ।

दुर्ग बहादुर थापा
अध्यक्ष

रमेश सुवेदा
प्रमुख प्रशासकीय अधिकृत